

# ७ मानिसहरुलाई परमेश्वरको वचन बाँड्नु

*यस अध्यायका मूल पदहरू:* भजन ११९:१०५, यर्मिया २३:२९, हिब्रू १:१-३, २ तिमोथी ३:१४-१७, १ यूहन्ना १:७-९, उपदेशक ३:१ र २ तिमोथी ४:२।

*यस अध्यायको मूल सार पद:* **"८ "मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अग्ला छन्। १० जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमिनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, ११ *त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ*।" (यशैया ५५:८-११)।**

जव हामी गवाहि दिन्छौं वा सुसमाचार सुनाउँछौं तब हामी येशूको बारेमा बोल्दछौं। तर बाइबलबिना येशूको बारेमा के थाहा हुन्छ र? यदि हामीसँग बाइबल छैन वा बाइबलनै पढेनौं भने देहायका विषयहरूको बारेमा हामीलाई के वा कति थाहा हुन्छ र: परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादको युद्ध, समस्तरूपमा परमेश्वरको प्रेम, येशूको मानवीय जन्म, जीवन, सेवाकार्य, उहाँको मृत्यु र पुनरुत्थान र महिमित रूपमा हुने उहाँको दोस्रो आगमन?

प्रकृतिले परमेश्वरको शक्ति र प्रतापलाई केही हदसम्म प्रकट गरेतापनि यसले मुक्तिको योजनालाई देखाउँदैन। यस संसारमा जन्मेको प्रत्येक मानिसको निम्ति येशू ख्रीष्ट सत्य ज्योति हुनुहुन्छ र उहाँले नै प्रत्येक

मानिसलाई चाहिने दिव्यज्ञान पवित्र आत्माको व्यक्तित्वद्वारा प्रदान गर्नुहुन्छ (यूहन्ना १:९)। हो, पवित्र आत्माले येशूको नाउँ उच्चारण गर्ने प्रत्येक व्यक्तिलाई उहाँतिर आकर्षित हुन उसको चेतनाद्वारा घचघाउँछ। हाम्रा हृदयहरूमा हाम्रो विवेकद्वारा प्रकट गर्ने ज्ञान सिमित हुन्छ यदि परमेश्वरको सत्य दिब्यज्ञानलाई पूरा व्याख्या गर्न हामीमा परमेश्वरको वचन वा बाइबल भएन भने। बाइबल अर्थात् परमेश्वरको वचनले येशूको बारेमा अत्यन्तै स्पष्ट र पूर्णरूपमा प्रकट गर्छ साथै येशू ख्रीष्ट आफै जीवित वचन हुनुहुन्छ।

कतिपय धार्मिक र वौद्धिक वा विद्वान् अगुवाहरूले परमेश्वरको वचन पढ्लान् र त्यसबाट सिकाउन खोज्लान् तर त्यस वचनको आधारभूत सन्देश बुझ्न धेरैलाई कठिन हुनसक्छ। येशूले स्पष्टरूपमा बाइबललाई औंल्याउँदै त्यस बेलाका धर्मगुरु वा बाइबलका पण्डितहरूलाई भन्नुभयो "तिमीहरूले धर्मशास्त्रहरूमा खोजेर हेर र त्यसमा अनन्त जीवन पाइन्छ भन्ने तिमीहरूले बुझ्नेछौ। धर्मशास्त्रहरूले नै मेरो बारेमा गवाही दिन्छन्" (यूहन्ना ५:३९ रूपान्तरित)। यदि ठीक वा उचिततवरले बुझ्न सकियो भने बाइबलले सिकाएको प्रत्येक कुराले येशूको चरित्रको आदर्श, मिठासपना र सौन्दर्यतालाई झल्काउँदछ। हामीले परमेश्वरको वचन अरूलाई सुनाउँदा हाम्रों आधारभूत वा मुख्य लक्ष्य भनेको हामीलाई धेरैकुरा थाहा छ र अरूलाईलाई भने केहि थाहा छैनझैं गर्ने होइन, अथवा हामीमा सत्य छ अरूमा सत्य छैन भनेर प्रमाणित गर्ने पनि होइन, तर हामीले सुनाउने संदेसले येशूको बारेमा प्रकट गर्ने वा जानकारी दिने हो।

## १. परमेश्वरको वचनका प्रतीकहरू

**परमेश्वरको वचन न्यूनतम पाँचवटा प्रतीकहरूद्वारा हामीलाई बुझाउन खोजिएको छ। तर विशेष गरी ती पाँचवटा प्रतीकहरूले परमेश्वरको वचनलाई कसरी प्रतिनिधित्व गर्छ भनेर के तपाईंले सोच्नभएको छ? हेर्नुहोस्, भजन ११९:१०५ "तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो।", यर्मिया २३:२९ "“के मेरो वचन आगोजस्तै छैन र? चट्टानलाई चूरचूर पार्ने के त्यो एउटा ठूलो घनझैं छैन र?” परमप्रभु भन्नुहुन्छ।", लूका ८:११ "अब दृष्टान्त यो होः बीउचाहिँ परमेश्वरको वचन हो।" र मत्ती ४:४ "तर येशूले जवाफ दिनुभयो, “लेखिएको छ, ‘मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ’।”**

परमेश्वरको वचन के हो र त्यसको काम के हो भनेर हामीलाई बुझाउन र स्पष्ट पार्न बाइबलमा विभिन्न प्रतीकहरूद्वारा देखाइएको छ। जब हामी परमेश्वरको वचन अरूलाई सुनाउँछौं तब त्यो वचन मानिसको जीवनलाई उज्यालो पार्ने बत्ती जस्तै हुन्छ। परमेश्वर को हुनुहुन्छ र उहाँको चरित्र वा स्वभाव कस्तो छ भन्ने विषयमा मानिसहरूले गलत व्याख्या गरिरहेका हुन्छन् ।र मानिसहरूले पनि गलत नै सम्झिरहेका हुन्छन् तर जब संसारको ज्योति येशूको बारेमा सत्यकुरा अरूलाई सुनाउँछौं तब मानिसमा भएको अन्धकारलाई हटाइदिन्छ। परमेश्वरको बारेमा गलत सोचेर अन्धकार भएको मानिसको दिमागलाई जब हामी परमेश्वरको वचन सुनाउँछौं तब पवित्र आत्माले त्यसको दिमागलाई उज्यालो वनाएर चम्काइदिन्छ।

परमेश्वरको वचन आगो र मानिसले चलाउने घन जस्तै हो भनिएको छ। जब परमेश्वरको वचन सुनिन्छ वा पढिन्छ तब पापको फोहरै फोहरले ढाकेको हाम्रो जीवनको स्वभावलाई परमेश्वरको वचनले जलाइदिन्छ र हाम्रो कठोर हृदयहरूलाई पगाली दिन्छ। जब हामी बाइबलबाट येशूको महिमालाई देखाउने प्रयास गर्छौं तब मानिसहरूमा भएका कठोर र निष्ठुर हृदय परिवर्तन हुन्छन्। र परमेश्वरको प्रेमको आगोले लोभ, लालचा, कामवासना, मै खाउँ मै लाउँ मै बाचुँ जस्ता स्वार्थी विचार रआफै मपाईं बन्ने प्रवृत्ति समेतलाई जलाइदिन्छ।

परमेश्वरको वचन बिऊ जस्तो पनि हो। बिऊको मौलिक स्वभाव भनेकै माटोमा आफू मरेर वा आफू हराइएर अरूलाई जीवन दिनु हो। बिरुवा उम्रन समय लाग्छ। सबै बिऊहरू एकैनासले उम्रदैन। सबै बिरुवाहरू एकैनासले बढ्दैन। तर जब उपयुक्त समयमा र उपयुक्त वातावरण तथा ठीक परिस्थिति आउँछ तब बिऊमा भएको जीवन माटोमा मिसिएर फुट्छ र त्यसले नयाँ जीवन दिन्छ। जब हामी परमेश्वरको वचन अरूका हृदय र दिमागहरूमा रोप्दछौं तब त्यसको फल तुरुन्तै देखिनेछ भन्ने होइन। तर चुपचाप ती मानिसमा भएको वचनको बिऊ परमेश्वरको आफ्नै समयमा बढिरहेको हुन्छ। यदि तिनीहरू पवित्र आत्माको आवाजलाई सुन्न राजीभए भने परमेश्वरको राज्यको निम्ति तिनीहरू बाली हुनेछन्।

येशूले परमेश्वरको वचनलाई पौष्टिक आहार दिने रोटी भनेर तुलना गर्नुभएको थियो। असल आँटाको रोटीले हामीलाई कतिको संतुष्ट पार्छ भन्ने कुरा हामी सबैलाई थाहा छ। जुन मानिस परमेश्वरको खोजिमा छ र आफ्नो

जीवन जतिसुकै सम्पन्न वा विपन्न भएतापनि आफूलाई परमेश्वरको खाँचो छ भन्ने महसुस गर्दछ त्यसको भोकलाई परमेश्वरको वचनले तृप्त पार्दछ। जब उसले बाइबल अध्ययन गर्दछ तब उसको भित्री आत्माले खोजेको आत्मिक ज्ञानहरूले उसको आत्मिक जीवनलाई हष्टपुष्ट पार्दछ। जब तपाईं अरूलाई परमेश्वरको वचन बाँड्नुहुन्छ र येशूनै परमेश्वरको वचन हुनुहुन्छ भनेर वताउनुहुन्छ तब ऊ परमेश्वरको भलाईको ज्ञानले, उहाँको प्रेमबाट मोहित भएर, उहाँको अनुग्रहबाट अचम्मित भएर उहाँको सामु रहनपाएकोमा संतुष्ट हुदै तिनीहरूको जीवन परिवर्तन हुन जान्छ।

**हामीलाई थाहा भएका बाइबलका सत्यहरूको बारेमा सोच्नुहोस्। महत्त्वपूर्ण र मूल्यवान् परमेश्वरका ज्ञानहरूलाई हृदयको ढुकुटीमा जोगाइ राख्नु पर्ने रहेछ भन्ने विषयमा कसरी प्रतिवद्ध भइरहने?**

## २. परमेश्वरको वचनको सृजनात्मक शक्ति

**परमेश्वरको वचन शक्तिशाली छ भनेर देहायका पदहरूले कसरी खुलासा गर्दछ? हेर्नुहोस्, हिब्रू १:१-३ "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो।", हिब्रू ४:१२ " किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।" र भजन ३३:६-९ " ६ परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू। ७ उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ। उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ। ८ सारा पृथ्वीले परमप्रभुको भय मानोस् संसारका सारा निवासीहरूले उहाँको भक्ति गरून्। ९ किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रह्यो।"**

मानिसले तपस्या गरेर आफ्नै दिव्यज्ञान प्राप्त गरे । अनि पुरानो समयमा सृजित र पुरानो समयका लागिमात्र परमेश्वरको वचन उपयुक्त थियो भन्नु उचित होइन तर उहाँको वचन जीवित छ। यसले घोषणा गरे वा सिकाए अनुसार चल्ने मानिसहरूलाई सुसज्जित गराउन वा त्यसलाई पूरा गर्ने शक्ति यसमा छ। संसारमा भएका कुराको बारेमा मानिसका शब्दहरूले बोल्न सक्दछ तर परमेश्वरको वचनले त नभएका र नगरिएका थोकहरूका विषयमा बोलेरै सृष्टि गर्नुहुन्छ। उहाँको बोलिवचनमा शक्ति छ। परमेश्वरको वचन सृजनात्मक छ। उहाँको मुखारबाट निस्किएको वचनमा यसमा भनिएका प्रत्येक थोक सृष्टि गर्ने शक्ति छ।

"परमेश्वरले बोल्नुभयो" भन्ने विवरण सृष्टिको कथामा पाइन्छ। (उत्पत्ति १ः३-६,११,१४,२४,२६,२९)। परमेश्वरले उच्चारण वा घोषणा गर्नु भएको बोलि वा वचनमा यस्तो शक्ति थियो कि उहाँले बोलेकै भरमा सुख्खा जमिन देखापर्‍यो, बिरुवाहरू उम्रिए, फूलहरू फूले, रुखहरू फस्टाए र जीव जनावरहरू पनि देखा परे।

परमेश्वरको सृष्टि गर्ने वा सृजनात्मक क्रियाकलापलाई व्याख्या गर्न हिब्रू भाषामा एक आकर्षक शब्द छ। त्यो हो bara (बारा)। यो शब्द घतलाग्दो छ। विश्वका कुनैपनि वैज्ञानिकहरूले कुनै कुरा पत्ता लगाउँदा वा आविष्कार गर्दा उसले यो संसारमा भएकै तत्व पत्ता लगाएको हुन्छ तर परमेश्वरले गर्नुहुने सृष्टि वा सृजना नभएका तत्वबाट नयाँ कुरा निकाल्नुहुन्छ। यो बारा शब्द क्रियापद हो जुन परमेश्वरको व्यक्तिगत अधिकारमामात्रै निहित भएको हुन्छ। उहाँले जे सृष्टि गर्नु हुन्छ वा सृजना गर्नुहुन्छ त्यो उहाँकै बोलिको शक्तिले गर्नुहुन्छ।

उहाँको वचनको शक्तिले यो संसार सृष्टिमात्र गर्नुभएन तर यस पृथ्वी वा जगतलाई सम्हाली राख्न र थामी राख्न पनि उहाँकै वचनले काम गर्नुहुन्छ। त्यही वचन वा बोलिमा जुन शक्ति छ त्यही शक्ति परमेश्वरको लिखित वचनमा छ। जुन पवित्र आत्मा सृष्टिको समयमा सक्रिय हुनुहुन्थ्यो उहीं पवित्र आत्मा धर्मशास्त्र बाइबलको रचना गर्न प्रेरणा दिन सक्रिय हुनुहुन्थ्यो। जब हामी बाइबल पढ्छौं वा अरूलाई बाइबलको वचन सुनाउँछौं तब त्यसबेला पवित्र आत्मा हाम्रो साथमा उपस्थित हुनुहुनेछ। जीवन-दिने, जीवनलाई परिवर्तन गर्ने र मानिसलाई पुःन- सृष्टि गर्ने शक्ति परमेश्वरको वचनमा छ। "सृष्टि गरिने उर्जा जसले गर्दा संसारहरूको अस्तित्व हुन आयो

त्यही उर्जा वा शक्ति परमेश्वरको वचन बाइबलमा छ। यस वचनले शक्ति प्रदान गर्छ र नयाँ जीवन दिन्छ। प्रत्येक आदेश प्रतिज्ञा हो र हाम्रै स्वविवेकको निर्णयले यसलाई ग्रहण गर्नुपर्छ र हाम्रो हाम्रो भित्री अन्तर्आत्माले लिनुपर्छ। यसले हामीकहाँ अनन्त परमेश्वरको जीवन ल्याउँदछ। मानिसको पूरै स्वभावलाई यसले परिवर्तन गरिदिन्छ र परमेश्वरको स्वरुपमा यसले प्रत्येक व्यक्तिलाई नयाँ रचनामा ढालिदिन्छ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. १२६बाट रूपान्तरित।

जब परमेश्वरको वचनमा भएका प्रतिज्ञाहरू "मेरै लागि हो" भनेर पकडि राख्न सफल हुन्छौं तब हाम्रो जीवनमा भारि परिवर्तन हुनेछ र अरूलाई पनि अचम्मका प्रतिज्ञाहरूका विषयमा बुझाउन हामी प्रयत्न गर्नेछौं । र पवित्र आत्माले तिनीहरूको जीवन पनि परिवर्तन गरिदिनुहुन्छ।

**यो कल्पना गर्नुहोस्ः *परमेश्वरले बोल्नुभयो र यी सबै हुन आए*। यसको अर्थलाई तपाईंले कति बुझ्न सक्नु भएको छ? उहाँको शक्तिको वास्तविकतालाई त्यसले कसरी अचम्मित तरिकाले देखाउन खोजेको छ? उहाँको पुनःसृष्टि वा पुन संरचना गर्ने शक्तिको आत्माज्ञान पाएर हामी आश्वस्त भएका छौं त ?**

## ३. परमेश्वरको वचन पढ्नुका फाइदाहरू

परमेश्वरको वचन पढ्दा हामीलाई धेरै फाइदा हुन्छ। धर्मशास्त्रमा भएका प्रतिज्ञाहरूद्वारा हामी ईश्वरीय स्वभावमा सहभागी हुन्छौं भनेर पत्रुसले ठोकुवा गरेका छन् (२ पत्रुस १:४)। यदि परमेश्वरको वचन हामीले हाम्रो हृदयमा सजाएर राख्यौं भने यसले हाम्रो प्राणलाई उद्धार गर्न सक्छ भनेर याकूब बताउँदछ (याकूब १:२१)।त्यस्तै पावलले थप्दछन् "३२ “अब म तपाईंहरूलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ़ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ।" (प्रेरित २०:३२)। बाइबलको लक्ष्य नै मानिसहरूलाई मुक्ति दिने हो वा उद्धार गर्ने हो। जब धर्मशास्त्र बाइबलभरि येशूलाई देख्दछौं तब हामी परिवर्तन हुन्छौं। उहाँको वचनमा उहाँलाई हामीले हेर्दा हामी दिन दिनै उहाँ जस्तै हुन जानेछौं (२ कोरन्थी ३:१८)। "दुवै वौद्धिक वा मानसिक र आत्मिक स्वभावको नीति यो हो कि जब हामी हेर्छौं तब हामी परिवर्तन हुन्छौं। जुन विषयबस्तुलाई हाम्रो दिमागमा गड्न दिइएको

छ त्यसले दिमाग वा मानिसको मनस्थितिलाई नै बदलि दिन्छ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५५५बाट रूपान्तरित।

**परमेश्वरको वचन अध्ययन गरेर हामी अरू के फाइदा पाउन सक्छौं?** **हेर्नुहोस्, २ तिमोथी ३:१४-१७ "१४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" र यूहन्ना १७:१३-१९ "१३ "तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्।"**

आफ्नो युवा सहकर्मी तिमोथीलाई पावलले पवित्र धर्मशास्त्र बाइबलको शिक्षादीक्षाको विश्वासमा अटल भइरहन र परमेश्वरको प्रेरणाद्वारा उत्पादन गरिएको वचनलाई ध्यानपूर्वक वा लगनशीलताकासाथ अध्ययन गरेर यसको फाइदा उठाउन उत्साह दिन्छन्। पावलका अनुसार बाइबल भनेको शिक्षा दिनलाई र सिद्धान्त वा नीतिनिर्देशनको निम्ति फाइदाजनक छ। यसले सत्यलाई प्रकट गर्छ भने गल्तीको भन्डाफोर गर्दछ। मानव जातिको निम्ति परमेश्वरको योजना बाइबलमै खुलासा गरिएको छ। यसले हाम्रो पाप, अधर्म, दुष्टता, धूर्त मनशायलाई हकार्दछ, हाम्रो गलत सोचलाई सच्याउँदछ र कुन असल अर्थात् धार्मिक बाटोमा हिँड्नुपर्ने हो सो हामीलाई सिकाउँदछ। येशू ख्रीष्टको धार्मिकता र निष्खोट तथा उत्तम जीवनलाई धर्मशास्त्रले प्रकट गर्दछ।

हाम्रो पापको मूर्खतालाई देखाएर उहाँको धार्मिकताको सौन्दर्यतालाई यसले देखाउँछ। जब हामी येशूको परम निस्वार्थ प्रेमसँग हाम्रो स्वार्थी र आफ्नैमात्र भाऊ खोज्ने प्रवृत्तिलाई दाँज्छौं तब हामी आश्चर्यमा पर्नेछौं। जब बाइबलभित्र गएर उहाँको करुणा र हामीप्रति उहाँले देखाउनुभएको चासो वा वास्तालाई हेर्दछौं तब हामी परिवर्तन हुन्छौं। जब हामी उहाँको वचन अरूलाई बाँड्छौं तब तिनीहरूमा पनि आमूल परिवर्तन आउँछ। जति जति हामी बाइबलमा येशूलाई हेर्दछौं त्यतित्यति हामी पनि उहाँ जस्तै हुन खोज्छौं। याद गर्नुहोस्, सुसमाचार सुनाउनु वा गवाही दिनु भनेको हामी के विश्वास गर्छौं वा हामी के सोच्छौं नभएर परमेश्वरको वचनमा भेट्टिएको अनन्तको आत्मज्ञान वा सत्य हो। जब परमेश्वरको वचनले हाम्रो जीवनलाई आशिष दिएको अरूले देख्छन् तब अरूलाई पनि परमेश्वरको वचन सुनाएर आशिषको भागी बनाउन सक्छौं। परमेश्वरको वचन अनुसार चलेको हाम्रो जीवन नै अरूले देख्ने आशिषको प्रमाण हो।

**तपाईंले जीवनका कतिपय मोडहरूमा समस्या वा हण्डर खानुभएको होला, त्यसबेला तपाईंलाई परमेश्वरको वचनले साथ दिएको कुरालाई सम्झनुहोस्। त्यसबाट तपाईंले के सिक्नुभयो?**

## ४. हाम्रो जीवनमा उपयोग गर्नुपर्ने परमेश्वरको वचन

परमेश्वरको वचनमा तीन हजार भन्दा बढी प्रतिज्ञा वा परमेश्वरका वाचाहरू कसैले गनेका थिए। ती हरेक प्रतिज्ञा वा वाचाहरू प्रेमी हृदय भएका परमेश्वरबाट आएका हुन्। यस मामिलामा प्रेरित पावल यसरी ठोकुवा गर्दछन्, "उहाँलाई, हामीभित्र काम गर्ने मौका हामीले दियौंभने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।" (एफिसी ३:२०)। परमेश्वरका प्रतिज्ञाहरूले हामी प्रत्येक व्यक्तिकालागि उहाँले गर्नुभएको वाचा वा प्रतिबद्धतालाई देखाउँदछ। जब हामी परमेश्वरका ती प्रतिज्ञाहरू हाम्रै निम्ति हो भनेर विश्वासद्वारा दावी गर्दछौं र अरूलाई सिकाउँछौं तब स्वर्गबाट हाम्रो जीवनमा आशिषहरू वर्सन्छ। यो कुनै मनगडन्ते वा काल्पनिक वचन नभएर परमेश्वरबाट आएको वास्तविक सत्य हो भनेर पावलले रोमी ८:३२मा यसरी जिकिर गरेका छन्: " जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन वा सिंत्तैमा दिनुहुन्न र?"

(रूपान्तरित)। प्रेरित पत्रुस यस प्रतिज्ञालाई अझ यसरी स्पष्टरूपमा व्याख्या गरेर घोषणा गर्दछन् "आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। (२ पत्रुस १:३)। शैतान र उसका मतियारहरू र नर्क वा सत्यानाश गर्ने शक्तिहरूसँग भिड्न येशूले क्रुसमा आफ्नो मृत्युबाट र त्यसमाथि उहाँको विजयले धार्मिक वा ईश्वरीय र आत्मिक जीवन बिताउन चाहिने सबै आवश्यकताहरू उपलब्ध गराउनुभएको छ। आत्मिकमात्र होइन हाम्रो भौतिक आवश्यकताहरू पनि उहाँले पुऱ्याउनुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको छ।

**देहायका पदहरूमा दिइएका प्रतिज्ञा वा कबुलहरू भिन्नाभिन्नै भएतापनि त्यसले परमेश्वरको स्वभावको बारेमा हामीलाई के बताउँछ? के ती प्रतिज्ञाहरूले तपाईंको जीवनमा प्रभाव पारेका छन् त? १ यूहन्ना १:५-१०, विशेष गरेर ७-९मा ध्यान दिनुहोस् "५ जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन। ६ यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिँड्छौं भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं। ७ तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। ८ यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।" फिलिप्पी ४:१३, १९ "१३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।...१९ मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ।"**

माथिका प्रतिज्ञाहरू केही हदमा एक अर्कामा फरक छन् तर तिनले देखाउने परमेश्वरको चरित्र एकै खालको छ। परमेश्वरको प्रेम, क्षमाशीलता, सदाशयता, अनन्त अर्थात् अपार शक्ति र हाम्रो आधारभूत आवश्यकताप्रति उहाँको पूर्ण हेरचाह रहेको कुरा ती पदहरूले प्रष्ट पार्दछन्। परमेश्वर हामीप्रति

गहिरो चासो राख्नुहुन्छ र उहाँ हाम्रो हित चाहनुहुन्छ भनेर ती पदहरूले हामीलाई विश्‍वस्त तुल्याउँछन्।

माथि दिइएका प्रतिज्ञाहरूलाई हामीले व्यक्तिगतरूपमा दावी गर्न हामीमा परमेश्‍वरमाथिको विश्‍वास र आस्थाको आवश्यकता पर्दछ। देहायका पदहरूले त्यसको आवश्यकताको बारेमा हामीलाई के भन्छ त? हेर्नुहोस्, हिब्रू ३:१६-१९ "१६ सुन्नेहरू को थिए, जसले सुनेर पनि विद्रोह गरे? के ती सब तिनीहरू नै होइनन् र, जो मोशाको नेतृत्वमा मिश्रदेशबाट निस्किआएका थिए? १७ कोसँग उहाँ चालीस वर्षसम्म क्रोधित हुनुभयो? के ती पाप गर्नेहरूसँग होइन, जुनहरू उजाड-स्थानमा मरेर गएका थिए? १८ आज्ञा नमान्नेहरू नै उहाँको विश्राममा कहिल्यै पस्न पाउनेछैनन् भनी उहाँले शपथ खानुभएको होइन र? १९ *यसैले हामी देख्तछौं, अविश्‍वासको कारणले नै तिनीहरू पस्न सकेनन्।"*, हिब्रू ४:१-५ "१ यसकारण परमेश्‍वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्। २ किनकि हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्‍वासपूर्वक यिनलाई ग्रहण गरेनन्। ३ किनकि हामी विश्‍वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए। ४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, "परमेश्‍वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।" ५ र फेरि यसै खण्डमा उहाँले भन्नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।" र मत्ती १३:५२-५८ विशेष गरेर पद ५८मा ध्यान दिनुहोस् "५२ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "यसकारण स्वर्गका राज्यको शिक्षा पाएको हरेक शास्त्री एक जना घरको मालिकजस्तो हो, जसले आफ्नो ढुकुटीबाट नयाँ र पुराना मूल्यवान् सामानहरू बाहिर झिक्तछ।" ५३ यी दृष्टान्तहरू बताइसक्नुभएपछि येशू त्यहाँबाट जानुभयो। ५४ अनि आफ्नो सहरमा आउनु भएर उहाँले तिनीहरूको सभाघरमा तिनीहरूलाई यस्तो शिक्षा दिनुभयो, कि छक्क परेर तिनीहरूले भने, "यिनलाई यो बुद्धि र अचम्मको काम गर्ने शक्तिहरू कहाँबाट प्राप्त भयो? ५५ के यिनी सिकर्मीका छोरा होइनन्? के यिनकी आमाको नाउँ मरियम, र यिनका भाइहरू याकूब, योसेफ, सिमोन र यहूदा होइनन्? ५६ के यिनका बहिनीहरू सबै

**हामीहरूसँगसँगै छैनन् र? त यिनलाई यी सबै कुरा कहाँबाट प्राप्त भयो?" ५७ अनि तिनीहरू उहाँसँग चिढ़िए। तर येशूले तिनीहरूलाई भन्नुभयो, "अगमवक्तालाई आफ्नै निज मुलुक र आफ्नै निज घरमा बाहेक अन्यत्र सबै ठाउँमा आदर हुन्छ।" ५८ *अनि तिनीहरूको अविश्वासले गर्दा उहाँले त्यहाँ शक्तिका धेरै कामहरू गर्नुभएन।"***

बाइबलमा परमेश्वरका धेरै उल्लेखनीय र अचम्मका प्रतिज्ञाहरू छन्। येशूले प्रतिज्ञा गर्नुभएको कारण परमेश्वरको वचनमा लेखिएका ती प्रतिज्ञाहरू जब हामी विश्वासद्वारा दावी गर्छौं तब ती प्रतिज्ञाहरू हाम्रो हुन जान्छ। परमेश्वरको वचनमा प्रतिज्ञा गरिए अनुसार उहाँको सामर्थ्यमा जब हामी शङ्का गर्छौं तब हाम्रो जीवनमा उहाँका प्रतिज्ञाहरूलाई कार्यान्वयन गर्न उहाँलाई सिमित गराउँछौं। परमेश्वरको वचनमा भएका आशाका प्रतिज्ञाहरू यस हप्तामा कसैलाई बाँड्न सकियोस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

## ५. परमेश्वरको वचन अरूलाई बाँड्नु

खुशीको खबर अरूलाई बाँड्नको निम्ति हो। कुनै खुशीको खबर सुन्नुहुँदा ज्यादै हर्षित हुनुभएको पल वा समय सम्झनुहोस्। हुनसक्छ तपाईंलको विवाहको मगनी हुने समय, बालक जन्मेको समय, नयाँ काम पाउनुभएको समय, नयाँ सवारी साधन किन्नु भएको समय वा घरजग्गा किन्नुभएको समय-यी सबै यस्ता रमाइला समय हुन् कि तपाईं अरूलाई नसुनाइ बस्नै सक्नुहुन्न।

हामीमा भएको आनन्दका विषयमा अरूलाई सुनाउनु अति नै मजाको कुरा हो । तर ती सवै विषय भन्दा उत्तम विषय वा खबरचाहीं येशूको खबर हो। जब हामी परमेश्वरको वचन अध्ययन गर्छौं र ख्रीष्टको मुक्तिको बारेमा हामी नयाँ कुराहरू भेट्टाउँछौं तब हाम्रो हृदय आनन्दले भरिन्छ। र कतिनै खेर अरूलाई सुनाउँ जस्तो लागिरहन्छ। जब तत्कालीन येशूको विरोध गर्ने यहूदी धर्मगुरु वा शासकहरूले पत्रुसलाई समातेर उनलाई येशूको बारे बोल्दै नबोल्नुभनि धम्किपूर्ण आदेश दिएका थिए तब पत्रुसले तिनीहरूको मुखैमा यस्तो ओठे जवाफ दिएका थिए, "हामीले देखेका र सुनेका कुराहरू नभनि बस्नै सक्दैनौं" (प्रेरित ४:२० रूपान्तरित)।

"आफूले उहाँबाट पाएको आषिसको बारेमा सुनाउने तीब्र चाहना विश्वासीको मनमा रहेको हुन्छ। मुक्ति दिने र पवित्र पार्ने सत्यलाई उसले

आफ्नो हृदयको कोठामा थुनिराख्न सक्दैन। यदि हामीले येशू ख्रीष्टको धार्मिकताको पोशाक लगाएका छौं र उहाँको आत्माले हाम्रो हृदय भरिएको छ भने हामी चुप रहनै सक्दैनौं।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. ७८बाट रूपान्तरित।

**रोमी १:१४-१७मा पावलले यसरी भनेका छन् "१४ ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान् होस् वा निर्बुद्धि, सबैको म ऋणी छु। १५ यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु। १६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकको मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि। १७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।"**

आफ्नो जीवन येशूमा कसरी परिवर्तन भयो भन्ने कथा सुनाउन प्रेरित पावल कहिल्यै पनि थाकेका थिएनन्। उनको हृदयमा येशूको प्रेम बगिरहेको थियो।अरूलाई सुसमाचार सुनाउने उनको लक्ष्य थियो जसले गर्दा उनी चुप लागेर बस्नै सकेका थिएनन्।

**परमेश्वरको वचन अरूलाई सुनाउने केही महत्त्वपूर्ण तरिका देहायका पदहरूमा दिइएको छ, हेर्नुहोस्, यशैया ५०:४,५ "४ थाकेकोलाई सम्भाल्ने वचन जान्न सकून् भनेर परमप्रभु परमेश्वरले मलाई सिकाइको बोली दिनुभएको छ। उहाँले मलाई बिहानैपिच्छे जगाउनुहुन्छ। सिक्नेलाई झैं ध्यानसित सुन्न उहाँले मेरो कान खोलिदिनुहुन्छ। ५ परमप्रभु परमेश्वरले मेरो कान खोलिदिनुभएको छ, र म बागी भइनँ। म पछि हटिनँ।", उपदेशक ३:१ "सबै कुराका लागि समय छ, र आकाशमुनि सबै कार्यकलापको बेला छ" र २ तिमोथी ४:१-५ "१ परमेश्वरको सामने जिउँदा र मरेकाहरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशूको सामने, अनि उहाँको आगमन र राज्यलाई ध्यानमा राखेर म तिमीलाई कड़ा आज्ञा दिँदछु, २ वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक। ३ किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, ४ र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्। ५**

**तिमीचाहिँ दह्रिलो होऊ। कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर।"**

जब हामी हाम्रो जीवन ख्रीष्ट र उहाँको सेवाको निम्ति समर्पण गर्दछौं तब ठीक समयमा वचन बोल्ने अवसरका ढोकाहरू उहाँले नै खोलिदिनुहुन्छ। उहाँले खोल्नुभएका हृदयका ढोकाभित्र पस्ने उपयुक्त समय पनि उहाँले नै जुटाउनुहुन्छ। जब हामी कसैको सामु येशूका भक्त हौं भनेर प्रस्तुत हुन्छौं वा उहाँको बारेमा गवाही दिन्छौं वा सुसमाचार सुनाउँछौं तब यी तीनवटा बाइबलका नीतिहरूलाई दिमागमा राख्नु अत्यन्तै उयुक्त हुन्छः *हामी के बोल्छौं, हामी कसरी बोल्छौं र हामी कहिले बोल्छौं।*

**तपाईंको चिनजानका मानिसहरूको सामु परमेश्वरले तपाईंलाई गर्नुभएको भलाईका विषयमा कसरी गवाही दिनुहुन्छ?**

## उपसंहारः

**थप जानकारीको निम्तिः एलेन जी ह्वाइटद्वारा लिखित *स्टेप्स टु क्राइस्ट,* पृ. ८७-९१को "अ नोलेज अभ गड", *गस्पल वर्कर्स* पृ. १९२को "बाइबल रिडिङ्ग विथ द फामिलीज" र *इभान्जलिजम* पृ. ४८१-४८६को "बाइबल वर्क टेक्निकस्।"**

हाम्रा वरिपरि रहेका मानिसहरूको हृदयमा परमेश्वरले काम गरिरहुभएको हुन्छ। यदि हामी परमेश्वरले कसरी काम गरिरहनुभएको छ भन्ने विषयमा आत्मिक रूपमा चनाखो हुने हो भने हामीले उहाँको वचन बाँड्ने अवसरहरू नियमित रूपमा पाइरहनेछौं। जब परमेश्वरले मानिसको हृदयरुपी माटो तयार पार्नुहुन्छ तब सुसमाचारको बिऊ रोप्ने अवसर हामी पाउनेछौं। निकोदिमस, याकूबको इनारमा पानी लिन आएकी सामरी स्त्री, बाह्र बर्षसम्म रगत बग्ने व्यथा भएकी स्त्री, क्रुसमा टाँगिएको अपराधी, रोमी सैनिक हाकिम र अन्य धेरै मानिसका हृदयहरूलाई परमेश्वरको वचन सुन्नकालागि येशूले भेट्नु भन्दा अघि नै पवित्र आत्माले तयार पारिरहनुभएको थियो। तिनीहरूको जीवनका परिस्थितिहरू र पवित्र आत्माको प्रभावले ख्रीष्टको सन्देश सुन्न तिनीहरू तयार भएका थिए।

मानिसहरूसँग प्रार्थना गर्न, बाइबलको प्रतिज्ञा बाँड्न र बाइबल सम्बन्धी सामग्री बाँड्न हामी स्वभाविकै हिचकिचाउँछौं। तर प्रायजसो हाम्रो

हृदयमा भएको हिचिकिचाहटले भन्दा हाम्रो गवाही सुन्न पवित्र आत्माले कसैको हृदयमा प्रभाव पारिरहनुभएको हुन्छ भन्ने कुरामा हामी जानकार हुनुपर्दछ।

**चिन्तनमनन्:**

अ. यदि तपाईंकहाँ आफू अपराधी मनस्थिति भएर आयो र परमेश्वरको क्षमाको आवश्यकता भएको महसुस गऱ्यो भने तपाईंसँग बाइबलमा भएका के प्रतिज्ञाहरू छन् जुन तपाईंले सुनाउन सक्नुहुन्छ? तपाईंको आफ्नै जीवनमा जब कुनै गलत काम गर्नुभयो र आफूलाई खराब लागिरहेको छ तर परमेश्वरको क्षमा गर्ने शक्ति तपाईंले महसुस गर्दा तपाईंको अनुभव कस्तो थियो?

आ. **कतिपय समयमा परमेश्वरले हाम्रो जीवनमा मानिसहरू ल्याइदिनुहुन्छ जसले उहाँको सत्यलाई थाहा पाउन चाहेका हुन्छन्। त्यसवेला परमेश्वरको अगुवाईमा हामीले कसरी संवेदनशील हुने?**

इ. **सृष्टिको कथामा अर्थात सृष्टिमा परमेश्वर र उहाँको बोलिको शक्तिको बारेमा ध्यान दिनुहोस्। यस जगतको अवधारणा यति ठूलो र महान् छ कि यस विषयमा हाम्रो दिमागलाई बुझ्न सुरु गर्नमात्र पनि कठिन छ। उहाँले सृष्टि गर्नुभएका थोकहरूभन्दा परमेश्वर झन् कति महान् हुनुहुन्छ भन्ने कुरो त झन् सोच्नै कठिन छ। जुन परमेश्वरको सेवा हामी गर्छौं उहाँ कति शक्तिशाली र महान् हुनुहुन्छ भन्ने कुराले हामीलाई कसरी सान्त्वना मिल्न सक्छ? उहाँ शक्तिशालीमात्र होइन उहाँले हामीलाई प्रेम पनि गर्नुहुन्छ रे! परमेश्वरको वारेमा ती आत्मज्ञानहरू थाहा पाउँदा हामी कस्तो महान् आशामा प्रतिवद्ध हुनसक्छौं? यस ज्ञानले गर्दा हामी अरुका माझ उहाँको निम्ति कसरी गवाही बन्न सक्छौं?**

## कथा ७

# एलेक्सको निम्ति नयाँ मुटु

**- आन्ड्र्यूमेकचेस्नी**



युरोपको फिनल्याण्ड देशका एलेक्सको जन्मजात मुटुका रोगि थिए। उसको मुटुमा प्वाल परेको थियो। मुटु आफै निको हुन्छ होला भनेर डाक्टरहरूले आशा राखेका थिए तर निको भएन। त्यसकारण जब एलेक्स आठ वर्षका भए तब डाक्टरहरूले उसको मुटुको शल्यक्रिया गरे। पछि अस्पतालको सैयामा रहेको एलेक्सलाई देखेर आमालाई लाग्यो, *केही कारणले परमेश्वरले यो हुन दिनुभयो। जरूर हाम्रो जीवनमा परमेश्वरका योजनाहरू छन्।*

आपमाले यस अनुभवलाई फेसबुकमा लेखिन्। फिनल्याण्डका धेरै मानिसहरूले पढे। परमेश्वरको बारेमा वास्ता नगर्नेहरूले एलेक्सकी आमाले परमेश्वरको योजनाको बारेमा लेखेकी स्टाटस पढे। एलेक्स अरूलाई परमेश्वरको बारेमा सुनाउने प्रचारक हुन पुगेको थियो।

एलेक्स शल्यक्रियाबाट निको भएर घर फर्कियो। ऊ केवल पाँचदिनमात्र अस्पतालमा भर्ना भयो। यो अचम्मको कुरा थियो। शैतानले एलेक्सको ज्यान लिन खोजेको थियो तर येशूले उसलाई नयाँ मुटु दिनुभएको थियो।

गर्मी मौसममा ज्यादै गर्मी भएको थियो। एक दिन बेलुका उसले आफ्नो छाती दुखेको कुरा आमाबाबुलाई सुनायो। उसलाई अस्पतालमा लगियो। त्यहाँ उसको मुटु फुलेर सामान्यभन्दा दोब्बर ठूलो भएको देखियो। उसलाई तुरून्तै अपरेशन कोठामा लगियो। त्यहाँ डाक्टरहरूले धेरै घन्टा लगाएर उसको मुटुको शल्यक्रिया गरे। उसको शल्यक्रिया सफल भएको थियो। शैतानले एलेक्सलाई फेरि छिनालेर लग्न खोजेको थियो तर येशूले उसलाई फेरि नयाँ मुटु दिनुभयो।

जब एलेक्स घर फर्कियो तब उसको व्यवहारमा परिवर्तन आयो। प्रायजसो ऊ चुपचाप बस्थ्यो र सबैलाई माया गर्थ्यो तर जब ऊ अस्पतालबाट

फर्क्यो तब ऊ ठूलो स्वरले कराउन थाल्यो र विशेष गरेर आफ्नो बाबुसँग झोक्किन थाल्यो। एक दिन बेलुका एलेक्स आफ्नो बुबासँग धेरै रिसायो र नराम्रो शब्दहरू पनि बोल्यो र बुबाको चस्मालाई खोसेर भुईंमा फ्याँकिदियो।

"तिमी किन यसरी रिसाको?" बुबाले उसको शिरमा हात राखेर प्रार्थना गर्न खोजे। बुबाले उसको निम्ति यसरी धेरै पल्ट प्रार्थना गर्थे।

तर यस पटक एलेक्सले प्रार्थना गर्नै मानेन। "मेरो टाउकोबाट हात निकाल्नुहोस्!" उसले चिच्याउदै भन्यो। उसले आफ्नो बुबालाई घृणाको दृष्टिले हेऱ्यो। एलेक्सको यस्तो खालको अनुहार उसको बाबुले कहिल्यै पनि देखेका थिएनन्। उनी भान्सा कोठामा गए। त्यहाँ आमा खाना तयार पार्दै थिइन्।

"यो कुरा सामान्य होइन। यो एलेक्स पनि होइन। उसको निम्ति हामी प्रार्थना गरौं" बाबुले भने। बाबु र आमा दुवैजना एलेक्स भएको ठाउँमा गए। केही नगरि बाबुले एलेक्सको टाउकोमा हात राखे। आमाले पनि उनको हात छोराको निधारमा राखिन्। "येशू ख्रीष्टको नाउँमा, हे दुष्ट आत्मा एलेक्सबाट निस्केर जा। हामीले एलेक्सलाई परमेश्वरको हातमा सुम्पिसकेका छौं र उसको जीवनमा तेरोलागि ठाउँ छैन" भन्दै बुबाले प्रार्थना गरे।

प्रार्थना गरेको एक छिनपछि एलेक्स फेरि पहिलाको जस्तै मायालु र हँसिलो भयो। उसले हँस्सी ठट्टा गऱ्यो र केही पनि नभएको र सन्चै भए जस्तो व्यवहार देखायो।

शैतानले एलेक्सलाई फेरि छिनाल्न लागेको थियो। तर येशूले उसलाई नयाँ मुटु दिनुभएको थियो। एलेक्स ठूलो भएपछि उसले प्रभुको निम्ति काम गरोस् र उसको कथाले धेरै मानिसहरूको हृदय परिवर्तन होओस् भन्ने आमाको चाहाना थियो ।

"मैले उसको जीवन परमेश्वरलाई सुम्पेको छु। एलेक्स र परमेश्वरको बीचमा विशेष सम्बन्ध छ भनेर हामी विश्वास गर्छौं। उसको जीवन कठिन थियो। तर ऊद्वारा परमेश्वरले अचम्मका कामहरू गर्नुहुनेछ भनेर हामी विश्वास गर्छौं" आमाले यस कथाका लेखकलाई सुनाइन्।